# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, फागुन ३ गते २०५३ साल (अतिरिक्ताङ्क ५६ (क)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरवारको सूचना १

माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री चक्रप्रसाद बास्तोला पर्यटन र वातावरण विषयक एशिया–प्यासिफिक मन्त्री स्तरीय सम्मेलनमा भाग लिन २०५३ साल फागुन ३ गते मालदिभ्सतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय शिक्षा मन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय जलस्रोत मन्त्री श्री पशुपति शम्शेर ज.ब.रा. निजी कामको सिलसिलामा २०५३ साल फागुन ४ गते भारततर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको जलस्रोत मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्थानीय विकास मन्त्री श्री कमल थापाले सम्हाल्नु हुनेछ ।


१२३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी भारतीय उद्योग महासंघको निमन्त्रणामा भारत नेपाल आर्थिक सम्बन्ध विषयमा आयोजना गरिने नेपाल दिवसमा भाग लिन २०५३ साल फागुन ४ गते भारततर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि मन्त्री श्री फत्तेहसिंह थारूले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

१२३८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।